# २०२१ ग्रीष्मकालीन वेबसाइट स्रोतहरू

ग्रीष्मकालीन समयभरि स्रोतहरूमा पहुँच राख्न समुदाय सदस्यहरूका लागि वेबसाइटहरू

## परिवार तथा सामुदायिक स्रोतहरू

परिवारहरूका लागि डेनभर पब्लिक स्कूल्स (डिपिएस) कार्यक्रमहरू, स्रोतहरू र सहयोगहरू प्राप्त गर्नुहोस्। २०२१ ग्रीष्मकालीन स्रोत मार्गदर्शन – समुदायका सदस्यहरूलाई के आवश्यक छ भनी डेनभरले सुनेका आधारमा विकसित गरिएको मार्गदर्शन – लाई यहाँबाट प्राप्त गर्न सकिन्छ।

**https://equity.dpsk12.org/family-resources**

## परिवार तथा समुदाय संलग्नता (एफएसिइ)

एफएसिइले हाम्रा डिस्ट्रिक्टका ९३,००० विद्यार्थीहरू तथा उनीहरूका परिवारहरूलाई सहयोग गर्दै डिपिएस समुदायका सबै जनालाई उनीहरूको जीवनयात्राको कुनै पनि बिन्दुमा स्रोत, जानकारी, शिक्षा तथा सहयोगमा पहुँच प्रदान गर्दछ।

**https://equity.dpsk12.org/family-and-community-engagement**

## डेनभर सहर युवा कार्यक्रम लोकेटर

बच्चाहरूलाई स्कूल अघि र पछि, स्कूल ब्रेकका बेला, सप्ताहान्तमा समेत सुरक्षित, सक्रिय तथा व्यस्त रहने तर्फ डोऱ्याउने भर्चुअल र व्यक्ति-उपस्थित कार्यक्रमहरू खोजी गर्नका लागि डेनभरको युवा कार्यक्रम लोकेटरको प्रयोग गर्नुहोस्।

**https://www.denvergov.org/youthprogramlocator**

## ग्रीष्मकालीन खाद्य सेवा कार्यक्रम

ग्रीष्मकालीन खाद्य सेवा कार्यक्रमले ग्रीष्मभरि कोलोराडोका युवाहरूलाई निःशुल्क ब्रेकफास्ट, लन्च, खाजा र डिनर प्रदान गर्दछ। १८ वर्ष वा सोभन्दा कम उमेरका जोसुकैलाई ग्रीष्मभरि सहभागी स्थानहरूमा खाना खानका लागि स्वागत गरिन्छ।

**https://www.cde.state.co.us/nutrition/summerfoodserviceprogram**